# कटारी नगरपालिका कार्यालय

कटारी, उदयपुर

## शिलबन्दी दरभाउपत्र आह्वान सूचना

सूचना नं.-०९/२०७५/२०७६

(प्रथम पटक प्रकाशित मिति :- २०७५/०५/१९)

चालु आ.व.२०७५/७६ मा **कटारी** नगरपालिकाको लगानीमा यस न.पा. अन्तरगत तपसिल बमोजिमका निर्माण कार्यहरु शिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले निर्माण सम्बन्धी कार्य गर्न नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

निम्न :-

०१. दरभाउपत्र फाराम खरिद गर्न इच्छुक निर्माण व्यवसायीहरुले आ.व. २०७५/७६ कालागि नविकरण भएको इजाजत-पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्वर (पान) प्रमाण पत्रको प्रतिलिपि संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनसम्म तपसिलमा उल्लेख भएबमोजिम **शिलबन्दी दरभाउपत्र** फारम दस्तुर (**पछि फिर्ता नहुने गरी**) तिरी कार्यालय समयभित्र यस कार्यालयको बाट **शिलबन्दी दरभाउपत्र** सम्वन्धि कागजात (**Bid Document**) खरिद गर्न सकिने छ।

०२. दरभाउपत्र सम्वन्धि कागजात खरिद गर्ने निर्माण व्यवसायीको तर्फबाट प्रोप्राइटर स्वयं उपस्थित हुन नसकेमा रीत्तपूर्वकको अख्तियारी पेश गरेमा मात्र दरभाउपत्र खरिद गर्न सकिनेछ ।

०३. खरिद गरिएका दरभाउपत्रसम्वन्धि कागजातमा उल्लेख भएका सवै विवरणहरु अध्ययन गरी निर्माण व्यवसायीले प्रत्येक पानामा सही-छाप गरी, शिलवन्दी गरी खाम वाहिर फर्मको नाम, ठेगाना, कामको नाम प्रष्टसंग लेखी १६ औं दिन दिनको १२:०० वजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । यसरी दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २:०० वजे न.पा. कार्यालयमा उपस्थित दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि रीत्तपूर्वकको दरभाउपत्रहरु खोलिने कार्यमा वाधा पर्ने छैन । दरभाउपत्रसम्वन्धि कागजात खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

०४. शिलवन्दी दरभाउपत्र साथ तपसिलमा उल्लेखित धरौटी रकममा नघटाई मान्यता प्राप्त वैकवाट वा रा.वा. बैंक, कटारी स्थित रहेको यस कार्यालयको **धरौटी खाता नं. ग- ३-२०५०३०३००७१०२** धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको मान्यता प्राप्त वैकवाट यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड **(दरभाउपत्र खोलेको मितिले कम्तीमा १२० दिन म्याद भएको)** पेश गर्नुपर्नेछ ।

०५. वोलपत्र स्वीकृत भएपछि ठेक्क अंकको पांच प्रतिशतले हुन आउने रकम यस न.पा. कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बरावरको कार्य सम्पादन जमानीपत्र (**Performance Bond**) पेश गर्नु पर्नेछ ।

०६. दरभाउपत्र फारममा भ्याट (**VAT**) वाहेकको दररेटहरु, अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ ।

७. दरभाउपत्र शर्तरहित हुनुपर्ने छ ।

८. सिलवन्दी दरभाउपत्रको बीड डकुमेन्ट, स्पेसिफिकेशन, परिमाणको मूल्यपत्र, सूचना, ठेक्का सम्वन्धि कुनै डकुमेन्ट आदिमा भाषागत त्रुटि भएमा वा विषय प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन वाधा पर्नेछैन । नेपाल सरकारको प्रचलित नियम कानून र यस कार्यालयको निर्णय अन्तिम र मान्य हुनेछ ।

९. रीत्त नपुगी वा म्याद नाघी आएका दरभाउपत्रहरु उपर कुनै किसिमको कार्यवाही हुनेछैन । दरभाउपत्र सम्वन्धि अन्य केही कुरा वुझ्न परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राखी वुझ्न सकिनेछ ।

१०. कुनैपनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशकि रुपमा स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । दरभाउपत्र स्वीकृत भएपछि पनि कार्यालयले आवश्यक ठोस निर्माण कार्यको आइटम पूर्ण वा आंशिक रुपमा थपघट गर्न सकिनेछ ।

११. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ वमोजिम हुनेछ । यस सूचनामा केही थपघट वा फरक पर्न गएमा प्रचलित नियम कानून वमोजिम हुनेछ ।

तपसिल :-

| ठेक्का नं. | निर्माण कार्यको नाम र स्थान | लगत अनुमान रकम (कन्टेन्जेन्सी र भ्याट वाहेक) रु. | धरौटी रकम रु. | दरभाउपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|
| ०९-०७५/०७६ | दमकल भवन निर्माण | १३,६५,४०३।०४ | ३४५००।- | १,०००।- |

कटारी नगरपालिका कार्यालय
कटारी,उदयपुर

प्रमुख प्रशासकीय अधिकृत